# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गंगदी, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७८३५२४०

प.सं. २०७९/०८०
च.नं.

प्रथम पटक प्रकाशित मिति २०७९।०४।२०

**सेवा करारमा लिने सम्बन्धी सूचना ।**

यस राजपुर गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुका लागि तपसिलको संख्यामा स्वयम्सेवक शिक्षक पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा लिनु पर्ने भएकाले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिदसहित तोकिएका सम्पूर्ण कागजात संलग्न गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन न. | तह | विषय | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | १/०७९/०८० | माध्यमिक | नेपाली | ८ |
| २ | २/०७९/०८० | माध्यमिक | गणित | ४ |
| ३ | ३/०७९/०८० | माध्यमिक | विज्ञान | ५ |
| ४ | ४/०७९/०८० | माध्यमिक | अंग्रेजी | ४ |
| ५ | ५/०७९/०८० | माध्यमिक | सामाजिक | १ |
| ६ | ६/०७९/०८० | निम्नमाध्यमिक | नेपाली | ८ |
| ७ | ७/०७९/०८० | निम्नमाध्यमिक | गणित | २ |
| ८ | ८/०७९/०८० | निम्नमाध्यमिक | विज्ञान | ३ |
| ९ | ९/०७९/०८० | निम्नमाध्यमिक | अंग्रेजी | ७ |
| १० | १०/०७९/०८० | निम्नमाध्यमिक | सामाजिक | ३ |
| ११ | ११/०७९/०८० | प्राथमिक | | ६ |

राजपुर गाउँपालिका, दाङ

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७८३५२४०


१. **शैक्षिक योग्यता :** शिक्षक सेवा आयोग नियमावली, २०५७ (दशौं संशोधन) को नियम ९ ले निर्धारण गरे बमोजिम हुनु पर्नेछ ।

२. **पेश गर्नुपर्ने कागजातहरु :** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, अध्यापन अनुपति पत्रको प्रतिलिपि, कार्य अनुभव भए सोको कागजात, पासपोर्टसाइजको २ प्रति फोटो ।

३. **दरखास्त दस्तुर** : माध्यमिक तहको लागि रु. १५००।- ( एक हजार पाँच सय मात्र), निम्नमाध्यमिक तहको लागि रु. १०००।- ( एक हजार मात्र), प्राथमिक तहको लागि रु. ७००।- (सात सय मात्र) ।

४. **उमेर :** १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको तर यस पालिका अन्तर्गतका विद्यालयमा मिति २०७८ चैत्र मसान्त भन्दा अघि नियुक्ति लिई हाल निजीस्रोत शिक्षकको रुपमा कार्यरत शिक्षकको हकमा भने उमेरको हद लाग्ने छैन ।

५. दरखास्त दिने अन्तिम मिति : २०७९/०५/०५ गते सम्म ।

६. छनौट प्रक्रिया : लिखित तथा अन्तवार्ता र प्रयोगात्मक ।

७. परीक्षा मिति : पछि प्रकाशन गरिनेछ ।

८. सेवा सुविधा : यस पालिकाको “स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९” बमोजिम रहने ।

९. यसमा उल्लेख नभएको कुराको हकमा राजपुर गाउँपालिकाको “स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९” र प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. विस्तृत जानकारीको लागि राजपुर गाउँपालिकाको वेवसाइट rajpurmundang.gov.np बाट हेर्न सकिनेछ ।

द्रष्टव्य: रितपूर्वक आबेदन पेश नभएको तथा म्याद नाघी दर्ता हुन आएमा उक्त दरखास्त उपर कुनै कारवाही हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

राजपुर गाउँपालिका, दाङ